आर्थिक बर्ष : २०७९/८०

बैठक संख्या : ९

आज मिति २०७९/१०/०५ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुंवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम बहादुर गुरुङ सदस्य

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त बहादुर गुरुङ सदस्य

श्री ङन बहादुर थापा सदस्य

श्री कृष्णबहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्मा देवी थापा सदस्य

श्री इन्दिरा पोखेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोपिला वि.क. सदस्य

श्री अनन्तराज न्यौपाने सदस्य सचिव प्र.प्र.अ.

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख

श्री कल्याण पौडेल आ.ले.प. शाखा प्रमुख

श्री दिपक ढुंगाना योजना शाखा प्रमुख

श्री शंकर चापागाईं लेखा प्रमुख

CamScanner

मिति :२०७९/१०/०५

निर्णय नं. १

विरुवा गाउँपालिकाको बिधायन समितिबाट कार्यपालिका समक्ष पेश भएका तपसिल बमोजिमका ऐन/नियमावली स्वीकृत गरी विरुवा गाउँपालिकाको बाह्रौं गाउँसभामा पेश सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- विरुवा गाउँपालिका गाउँप्रहरी ऐन, २०७९
- विरुवा गाउँपालिका कार्यविभाजन नियमावली, २०७९
- विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, २०७९
- विरुवा गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९
- विरुवा गाउँपालिकाको बालबालिका अधिकार सम्वन्धि ऐन, २०७९

निर्णय नं. २

विरुवा गाउँपालिकाको बिधायन समितिबाट कार्यपालिका समक्ष पेश भएका तपसिल बमोजिमका कार्यविधि र आचारसंहिता पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- टोल बिकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९
- विरुवा गाउँपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७९
- विरुवा गाउँपालिका कर्मचारी आचारसंहिता, २०७९
- मर्मत संभार विशेष कोष संचालन कार्यविधि, २०७९
- विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९
- अनुगमन तथा सुपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि, २०७९

निर्णय नं. ३

विरुवा गाउँपालिकाको बिधायन समितिबाट कार्यपालिका समक्ष पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु संशोधन सहित पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- गाउँस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि, २०७९
- विरुवा गाउँपालिका पूर्वाधार साझेदारी कार्यविधि पहिलो संशोधन ,२०७९
- विरुवा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी संशोधित कार्यविधि २०७९

CamScanner

निर्णय नं. ४

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गरी बाह्रौं गाउँसभामा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ५

विरुवा गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन समितिले कार्यपालिका समक्ष पेश गरेको आर्थिक बर्ष २०७९/८० पौष मसान्त सम्मको अनुगमन प्रतिबेदन स्वीकृत गरी बाह्रौं गाउँसभामा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको २०८० असार मसान्त सम्म म्याद थपका लागि गाउँसभामा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ७

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको स्थानीय निर्देशक समितिले आर्थिक बर्ष २०७९/८० का लागि छनौट गरेका तपसिल योजनाहरु स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।
तपसिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | श्रमिक ज्याला रकम रु. | बजेट स्रोत |
|---|---|---|---|---|
| १. | फेदी तिलडाँडा गोरेटो बाटो निर्माण | बिरुवा-१ | १९००००/- | आई.डि.ए. |
| २. | कमिसेडाँडा गोरेटो बाटो | बिरुवा-२ | २०००००/- | आई.डि.ए. |
| ३. | तुलसीचौर गोरेटो बाटो | बिरुवा-२ | २०००००/- | आई.डि.ए. |
| ४. | धोबादी माथिल्लो टोल देखी दलित बस्ती सम्म गोरेटो बाटो | बिरुवा-३ | २०००००/- | आई.डि.ए. |
| ५. | मझगाउँ देखी धम्पालीथर सम्म गोरेटो बाटो निर्माण | बिरुवा-३ | २०००००/- | आई.डि.ए. |
| ६. | अलैंचेखोला देखी आलुबारी सम्म | बिरुवा-४ | १३५०००/- | आई.डि.ए. |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | गोरेटो बाटो | | | |
| ७. | नयाँ वडा कार्यालय देखी माथी सडक सम्म गोरेटो बाटो | बिरुवा-४ | १३५०००/- | आई.डि.ए. |
| ८. | भोर्ले पोखरी देखी सिरानघर सम्म गोरेटो बाटो | बिरुवा-४ | १३५०००/- | आई.डि.ए. |
| ९. | लौसी देखी नियाँबारी गोरेटो बाटो | बिरुवा-५ | १९००००/- | आई.डि.ए. |
| १०. | सम्मखर्के तल्लो शिखरसिङ गहते पदमार्ग निर्माण | बिरुवा-५ | २१००००/- | आई.डि.ए. |
| ११. | दुर्गा देवी पदमार्ग | बिरुवा-६ | ९३०००/- | नेपाल सरकार |
| १२. | बलेउ पदमार्ग | बिरुवा-६ | ९३०००/- | नेपाल सरकार |
| १३. | यादी देखी यादी भञ्याङ्ग ग्रामिण सडक स्तरोन्नती | बिरुवा-७ | १५००००/- | नेपाल सरकार |
| १४. | तर्ले भञ्याङ्ग देखी आलेडाँडा पदमार्ग | बिरुवा-८ | १६५०००/- | नेपाल सरकार |
| १५. | मदन आश्रित पार्क देखी मनकामना पदमार्ग | बिरुवा-८ | १६५०००/- | नेपाल सरकार |

निर्णय नं. ८

विरुवा गाउँपालिका कार्यालयको आ.व.०७३/०७४ देखी ०७८/०७९ सम्मको महालेखा परीक्षकको कार्यालयवाट लेखापरीक्षण भई प्राप्त भएका अन्तिम लेखापरीक्षण प्रतिवेदनमा देखिएका अनियमित वेरुजु विरुवा गाउँपालिकावाट राय सहित पेश भएको तपसिल अनुसारका आ.व. र दफामा रहेको अनियमित वेरुजु उपर गहन अध्ययन तथा छलफल गर्दा कुनै सरकारी हानी नोक्सानी तथा मस्यौट भएको नदेखिएकोले नियमितको लागि लेखा समितिको मिति २०७९/१०/०५ गतेको बैठकबाट कार्यपालिकामा पेश भएकोमा लेखा समितिले पेश गरेको निर्णयमाथि छलफल गरी नियमित गर्नका लागि १२ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

| आ.व. | वेरुजुको दफा | बेरुजुको व्यहोरा | कार्यालयको राय /प्रतिकृया | नियमित गर्ने रकम |
|---|---|---|---|---|
| २०७८/०७९ | २१ | नेपाल सरकारवाट जारी भएको सार्वजनिक खर्च मितव्ययीता कायम गर्ने | दोहोरो नपर्ने गरी खर्च मितव्ययी गर्ने उदेश्यले कार्यपालिकावाट निर्णय | ४८००००।- |

| | | | | |
|---|---|---|---|---|
| | | सम्वन्धि मापदण्ड २०७७ को दफा ६ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गर्दै आएको पोशाक खर्च महंगी भत्ता र स्थानीय भत्ता वाहेकका अन्य कुनै प्रकारका विशेष भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ । पालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई कार्यपालिकावाट निर्णय गराई मासिक रु.४००००।-का दरले वार्षिक रु.४८००००।-खर्च लेखेको छ । सो रकम अनियमित देखिएको । | गराई खर्च गरिएकोले नियमितको लागि पेश गरिएको । | |
| २०७८/०७९ | २२ | पालिकाले करारमा नियुक्त गरेको १४ जना कर्मचारीहरुको मासिक रु.२८०००।-का दरले महंगी भत्ता भुक्तानी गरेको छ । तोकिएको सुविधा भन्दा बढी भुक्तानी दिनु अनियमित देखिएको रु.... | गाउँ सभाको निर्णय अनुसार सुविधा दिएकोले नियमितको लागि पेश गरिएको । | ३३६०००।- |
| २०७८/०७९ | २३.१ | समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ६ मा व्यवस्था भए बमेजिम समपुरक अनुदानमा संघ तथा प्रदेश ले ५० प्रतिशत र पालिकाले ५० प्रतिशतको अनुपातमा खर्च गर्नु पर्दछ । पालिकाले ८ नं.वडा कार्यालय | यस शिषर्कमा जम्मा रु. ४०९३७७५।- खर्च भई रु.५०६२२५।-संघीय संचितकोष फिर्ता भएकोले नियमितको लागि पेश गरिएको छ । | ४३७७५।- |

| | | | | |
|---|---|---|---|---|
| | | भवन निर्माण शिर्षकको लागि रु.४६०००००।- वजेट विनियोजन गरेकोमा रु ४६४३७७५।- खर्च गरेको देखिएकोले विनियोजन भन्दा वढी खर्च गरेको रकम अनियमित देखिएको रु..... | | |
| २०७८/०७९ | २३.२ | सशर्त अनुदानमा संघीय सरकारले ५० र पालिकाले ५० प्रतिशत खर्च व्यहोर्नु पर्नेमा जम्मा खर्च भएको रकम रु.४६४३७७५।-मध्ये संघीय सरकारवाट रु.२३२१८८७।५०- र पालिकावाट २३२१८८७।५० खर्च गर्नु पर्नेमा सवै रकम संघवाट खर्च गरेकोले अनियमित रकम रु... | क्रमागत योजना भएकोले पालिकाले व्यहोर्नु पर्ने रकम चालु आ.व ०७९/०८० मा भुक्तानी भएकोले नियमितको लागि पेश गरिएको । | २३२१८८६।- |
| २०७७/०७८ | १९ | पालिकाले यस आ.व.मा कार्यालय संचालनको लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न आपुर्ति कर्तावाट जम्मा रु.२३ लाख ४० हजारको माल सामान खरिद गरेकोमा एउटै फर्म/आपुर्तिकर्ता सँग पटक पटक गरी रु.५ लाख भन्दा बढीको मालसामान सोझै खरिद गरेको रकम अनियमित देखिएको रु.. | नेपाल सरकारले समय समयमा सरकारी कार्यालयवाट सेवा प्रवाह गर्ने अनूसुची फाराम लगायत अन्य कागाजातहरु परिवर्तन भईरहने भएकोले कार्यालय सामाग्री एकै पटक खरिद गर्दा कार्यालयलाई वढी व्यभार पर्ने भएकोले आवश्यकता अनुसार कार्यालय प्रयोजनको लागि खरिद गरिएकोले नियमितको लागि पेश गरिएको । | १४३२९८६।- |
| २०७७/०७८ | २४ | नेपाल सरकारवाट जारी भएको सार्वजनिक खर्च | दोहोरो नपर्ने गरी खर्च मितव्ययी गर्ने उदेश्यले | ३१२०००।- |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | मितव्ययीता कायम गर्ने सम्वन्धि मापदण्ड २०७७ को दफा ६ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गर्दै आएको पोशाक खर्च महंगी भत्ता र स्थानीय भत्ता वाहेकका अन्य कुनै प्रकारका विशेष भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ । पालिकामा कार्यरत २ पदमा कार्यरत ५ जना प्राविधिक कर्मचारीहरुलाई कार्यपालिकावाट निर्णय गराई वार्षिक रु.३१२०००।-खर्च लेखेको छ । सो रकम अनियमित देखिएको । | कार्यपालिकावाट निर्णय गराई खर्च गरिएकोले नियमितको लागि पेश गरिएको । | |
| २०७७/०७८ | २७ | कृषिमाअनुदान- पालिकाले कार्यविधिमा अनुदानको उचित प्रयोग हुने व्यवस्था समावेस गरी अनुदान वितरण गर्नु पर्नेमा सो नगरी चालु आ.व.मा रु.५४८१३१७।- अनुदान वितरण गरेको रकम अनियमित देखिएको । | संघ प्रदेश र स्थानीय सरकार मध्ये स्थानीय सरकार आफैमा स्वायत्त सरकार हो । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका वास्तविक कृषकहरुको छनौट गरी कार्यपालिकावाट निर्णय गराई साझेदारीमा कृषक अनुदान दिएको हो । सो वजेट कार्यान्वयनवाट पालिकालाई कुनै किसिमको हानी भएको नदेखिएकोले नियमितको लागि पेश गरिएको । | ५४८१३१७।- |
| २०७७/०७८ | ३३ | गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका | कार्यालय परिसर सरसफाईको लागी डोर हाजिरीमा लोकनाथ | १२००००।- |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन २०७६ मा गाउँपालिका अध्यक्षलाई निजी भान्से राख्न पाउने सुविधा छैन । पालिकाले अध्यक्षको भान्से भनि लोकनाथ पौडेललाई नियुक्त गरी मासिक रु १००००।-का दरले १२ महिनाको १२००००।-खर्च लेखेको रकम स्थानीय तहलाई थप व्ययभार परि अनियमित देखिएको... | पौडेललाई काममा लगाईएको हो अध्यक्षको भान्से भनि नियुक्त गरिएको छैन सो अनुसार नियमितको लागि पेश गरिएको । | |
| २०७७/०७८ | ५४ | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत वार्षिक स्वीकृत वजेट तथा कार्यक्रममा रहेको संयुक्त खाली सामुदायीक भवनको रु.७६८७५९।-स्थानीय पुर्वाधार विकास कार्यक्रमवाट भुक्तानी हुनु पर्नेमा स्थानीय तह प्रशासनिक भवन शिर्षकवाट भुक्तानी भएको देखिएकोले कार्यक्रम विपरितके खर्च अनियमित देखिएको । | संघीय सरकारको कार्यक्रम प्रशासनिक भवन निर्माण कार्यक्रमवाट भुक्तानी भई स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमका वाँकी रहेको रकम संघ सरकार लाई फिर्ता भएकोले नियमितको लागि पेश गरिएको । | ७६८७५९।- |
| २०७६/०७७ | २२ | सोझै खरिद-सार्वजनिक खरिद नियामावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा वढी लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा खुल्ला रुपमा वोलपत्रद्धारा खरिद गर्नु पर्ने व्यवस्था भएकोमा पालिकाले | कुनै पनि आयोजनाको लागि वजेट माग गर्दा संघ तथा प्रदेश मन्त्रालयमा डि.पि.आर.सहित पेश गर्नु पर्ने प्रावधान रहेकोले सो कार्यको लागी कार्यालयले प्राथमिकताका आधारमा योजना छनौट गरी डि.पि.आर.गरिएको हो । | ३६६०७७४।- |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृत वार्षिक कार्यक्रममा परेका विभिन्न सडकहरुको डी.पि.आर.कार्यको लागि फरक फरक परामर्श दाताहरुसँग कोटेसन माग गरी खरिद गरी भुक्तानी भएको रकम अनियमित देखिएको.... | यसरी डि.पि.आर.गर्दा कार्यालयलाई हानी नोक्सानी नभएकोले नियमितको लागि पेश गरिएको । | |
| २०७६/०७७ | २४ | कृषिमा अनुदान-पालिकाले अनुदान ग्राहीलाई कृषिमा अनुदान दिदा अनुदान सम्वन्धी कार्यविधि तर्जुमा नगरी वितरण गरिएको रकम अनियमित देखिएको । | संघ प्रदेश र स्थानीय सरकार मध्ये स्थानीय सरकार आफैमा स्वायत्त सरकार हो । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका वास्तविक कृषकहरुको छनौट गरी कार्यपालिकावाट निर्णय गराई साझेदारीमा कृषक अनुदान दिएको हो । सो वजेट कार्यान्वयनवाट पालिकालाई कुनै किसिमको हानी भएको नदेखिएकोले नियमितको लागि पेश गरिएको । | ४८७२०००।- |
| २०७५/०७६ | २३ | सोझै खरिद-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ वमोजिम सिलवन्दी दरभाउपत्रको माध्यमवाट सामानहरु खरिद गर्नु पर्नेमा सो नगरी पटक पटक सोझै फर्मवाट खरिद गरेको रकम अनियमित देखिएको । | नेपाल सरकारले समय समयमा सरकारी कार्यालयवाट सेवा प्रवाह गर्ने अनूसुची फाराम लगायत अन्य कागाजातहरु परिवर्तन भईरहने भएकोले कार्यालय सामाग्री एकै पटक खरिद गर्दा कार्यालयलाई वढी व्यभार पर्ने भएकोले आवश्यकता अनुसार कार्यालय प्रयोजनको लागि खरिद गरिएकोले नियमितको | २३९६९११।- |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | लागि पेश गरिएको । | |
| २०७४/०७५ | ६० | गत आ.व.को पालिका अध्यक्षको दैनिक भ्रमण भत्ता भुक्तानी रकम अनियमित देखीएको । | आ.व.०७३/०७४ मा रकम अभावले भुक्तानी दिन नसिकएको रकम आ.व.०७५/०७५ मा पालिकावाट निर्णय भई भुक्तानी भएकोले नियमितकोलागि पेश गरिएको । | १३४००।- |
| २०७४/०७५ | ६४ | गत आ.व.को वैठक भत्ता भुक्तानी गरेको रकम नियम सम्मत नभएको | आ.व.०७३/०७४ मा रकम अभावले भुक्तानी दिन नसिकएको रकम आ.व.०७५/०७५ मा पालिकावाट निर्णय भई भुक्तानी भएकोले नियमितको लागि पेश गरिएको । | ४३६५००।- |
| २०७४/०७५ | ६७ | नियम विपरितको बैठक भत्ता भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको .. | गाउँ सभा तथा कार्यपालिकाको वैठकको निर्णय अनुसार भत्ता भुक्तानी भएकोले नियमितको लागि पेश गरिएको । | ४७४०००।- |

निर्णय नं. ९

विरुवा गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यविधि, २०७९ को दफा ४(ख) बमोजिमको छनौट समितिको मिति २०७९/०९/२० गतेको बैठकबाट आ.ब. २०७९/८० को अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारका लागि सिफारिस गरिएका कृषि तर्फको १ र पशुपालन तर्फको १ गरी तपसिल फर्म हरुलाई विरुवा गाउँपालिकाको १२ औ गाउँसभामा रु १ लाख नगद सहित पुरष्कृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

एकीकृत कृषि तथा पशुपालन फर्म, विरुवा ३।

मौसम एग्रो फर्म, विरुवा ८।

CamScanner